# सुस्ता गाउपालिका
# तेश्रो गाउँसभामा प्रस्तुत
# आ.व. २०७५/७६ को
# बजेट वक्तब्य

गाउँकार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी
५ नं. प्रदेश, नेपाल
१० आषाढ, २०७५

**यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय, गाउ सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

सुस्ता गाउँपालिको गाउ सभामा आर्थिक बर्ष ०७५/०७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु ।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

वाार्षिक बजेट गाउपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो ।

सुस्ताबासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न गाउँवासीको आवश्यकतालाई बजेटमा आत्मसात गर्ने प्रयत्न गरेको छु ।

आर्थिक विकासका संवाहकको प्रभावकारी उपयोग गर्दै पूर्वाधार विकास र सामाजिक विकासलाई उच्च प्राथमिकता दिई **समृद्ध** सुस्ता बनाउने लक्ष्य लिएको छु ।

क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुने गरी दीर्घकालिन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यान्वयन गर्न श्रोत, साधन, प्रविधि, जनशक्ति आदिको प्रभावकारी र कुशल रुपमा उपयोग गर्ने रणनीति अबलम्बन गरेको छु ।

बजेट विनियोजनमा स्थानीय गाउँ टोलवासीको माग, वडा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन गरेको छु ।

सिमित स्रोत साधनबाट गाउँवासीका असिमित आवश्यकता एकैपटक पूरा गर्न नसकिने हुँदा यस बजेटमा छिटो सम्पन्न हुने, बढी प्रतिफल दिने तथा बढी जनसहभागिता जुटाउन सकिने खालका योजनाहरुलाई प्राथमिकता दिएको छु ।

**सभाध्यक्ष महोदय,**

सुस्ता गाउँपालिकाको विकासको शैसव अवस्थाबाट अगाडि बढि सकेको छ । राज्य पुनर्संरचना पछि विकासका गतिविधिले गति लिए सँगै पुर्वाधार विकास र सामाजिक आर्थिक विकास तर्फ उल्लेखनीय कार्य भएका छन् ।

आर्थिक वर्ष २०७४/०७५ लाई अनुभव, सिकाई र चुनौतीको वर्षको रुपमा लिएको छु ।

आ.व. २०७४/०७५ मा आन्तरिक श्रोत तर्फ रु. १ करोड ६२ लाख र राजश्व बाडफाड तर्फ रु. २ लाख गरी जम्मा रु. १ करोड ६४ लाख अनुमान गरेकोमा राजश्व वाडफाडको लागि प्रदेश स्तरमा कानून नबनेकाले राजस्व बाडफाडबाट प्राप्त हुने रकम जिल्ला समन्वय समितिमा सञ्चित अवस्थामा छ भने आन्तरिक श्रोत तर्फ रु. १करोड ८० लाख १४ हजार आम्दानी भएको छ ।

स्थानीय तह निर्वाचन पछिको पहिलो वर्ष भौतिक पूर्वाधार निर्माण वर्षको रुपमा रह्यो । चालु आर्थिक वर्षको लक्ष्य मध्ये पुर्वाधार निर्माण तर्फ ८० प्रतिशत कार्य सम्पन्न भईसकेको छ भने २० प्रतिशत कार्य भईरहेको छ । कालोपत्रे तर्फ ४ किलोमिटर सडक निर्माण कार्य भईरहको छ । स्तरोन्नती तर्फ १५ किलोमिटर सडक निर्माण कार्य सम्पन्न भईसकेको छ । १० किलोमिटर नाली निर्माण गरिएको छ । १२ वटा भवनमा थप पुर्वाधार निर्माण भएको छ । ७ वटा कर्ल्भट निर्माण भएका छन् । ७० थान ह्युमपाइप जडान भएका छन् । ६ स्थानमा तटबन्धन र ८३२ मिटर कम्पाउण्ड वाल निर्माण कार्य सम्पन्न भएको छ । विभिन्न वडागत योजना तथा कार्यक्रमहरु सम्पन्न हुने अन्तिम चरणमा रहेका छन ।

गाउपालिकाको प्रशासनिक भवनमा तला थप गर्ने कार्य पुरा भै आफनै भवन बाट कार्य आरम्भ भइसकेको छ । यस अवसरमा भवन थप गर्न सहयोग गर्ने सबैमा धन्यवाद दिन चाहन्छु ।

पोटाहा, सिंगाहा , रायपुरा खोलाको सरसफाई र नियन्त्रणको कार्य भईसकेको छ ।

गाउपालिका स्तरीय योजना अन्तर्गत सर्प दंश को लागि सामाग्रि सहयोग, चौपत्ता अस्पताललाई स्वास्थ्य सामाग्रि सहयोगको कार्य भएको छ । विद्यालय सुधार र शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको भौतिक सुधार र प्रविधिमैत्री विद्यालय वनाउने कार्य उल्लेखनीय रुपमा अघि बढि रहेको छ । स्थानीय सरकार संचालनको लागि आवश्यक पर्ने १२ वटा ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण भई स्थानीय राजपत्रमा प्रकाशन को तयारीमा रहेको छ ।

विभिन्न क्षमता विकास तथा स्वरोजगार कार्यक्रम अन्तर्गत ६१ जना लक्षित समुदायका व्यक्तिहरुलाई दुई महिने व्युटिसियन र सिलाई कटाई तालिम सञ्चालन भईरहेका छन् । विभिन्न संघ संस्था र गाउँपालिकाको आयोजनामा विभिन्न लक्षित कार्यक्रमहरु सम्पन्न भएका छन् ।

गाउँक्षेत्र भित्र लो भोल्टेजको कारणबाट हुने विद्युतीय समस्या समाधान गर्न विभिन्न स्थानमा ३ थान ट्रान्सफर्मर जडान भएका छन् भने १५० थान विद्युत पोल सहित विद्युत विस्तार कार्यलाई तिव्रता दिईएको छ ।
२४ वटा विद्यालय स्तरीय बाल क्लव गठन भई क्रियाशिल रहेका छन् । बाल क्लवको अभिमुखिकरण र सशक्तिकरण कार्यक्रम सम्पन्न भएको छ ।
फोहोरमैला व्यवस्थापन को लागि डम्पींङ्ग साईडको लागि स्थान खोजिको कार्य शुरु भएको छ । गाउपालिकाका कामकाज प्रविधिमैत्री वनाइएको छ । गाउपालिकामा सि.सि. क्यामरा जडान भइसकेको छ । भवन संहिता कार्यान्वय सम्बन्धमा आवश्यक कार्य भएको छ । कर्मचारी र जनप्रतिनिधिहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका छन् ।
यति हुँदाहुँदै पनि संघीय सरकार बाटे कर्मचारी समयमा नखटाएको कारणले गर्दा क्षेत्रगत लक्ष्य पुरा गर्न सकिएको छैन । पुरा हुन नसकेका अधुरा कामहरुलाई निरन्तरता दिन प्राथमिकतामा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

प्राकृतिक स्रोत साधन र विभिन्न सम्भावनाको वावजुद यस गाउँपालिकामा देहायका चुनौतीहरु विद्यमान छन ।

(क) गाउँपालिका क्षेत्रभित्रको अव्यवस्थित वसोवासको व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छ ।

(ख) फोहरको दीर्घकालीन रुपमा व्यवस्थापन गर्नु ।

(ग) गाउँपालिका क्षेत्रभित्र को नारायणी नदी तथा अन्य खोलानालहरुवाट भएको कटानको समस्यालाई रोकथाम तथा न्युनीकरण गर्नु ।

(घ) भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु ।

(ङ) जनसँख्या वृद्धि सँगै अव्यवस्थित शहरीकरण व्यवस्थापन गर्नु ।

(च) बढदो शहरीकरणसँगै जग्गाको अव्यवस्थित प्लटिङमा रोक लगाई भू-उपयोग नीति र योजनाका आधारमा जमिनको उपयोग गर्नु ।

(छ) गाउँपालिका भित्रका सम्पुर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।

(ज) अधिकांश गाउबासी कृषि पेशामा संलग्न भएको सन्दर्भमा कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गरी गरिबी तथा वेरोजगारी न्यूनीकरण गरी आत्मनिर्भर नगर बनाउनु ।

(झ) विकासका प्रतिफलको समन्यायीक वितरण गरी गाउँपालिकाको विकास गर्नु ।

(ञ) समाजमा सुशासन र सुरक्षाको प्रत्याभूती दिलाउनु ।

(ट) सिमित स्रोत साधनवाट असिमित आवश्यकतालाई पूर्ति गर्नु ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित सम्भावना र उपलब्धीहरुलाई सदुपयोग गरी विद्यमान चुनौतीहरुलाई चिर्दै जनताको समृद्धिको सपना साकार पार्नु हाम्रो गन्तव्य हो । उक्त दिशामा अघि बढ्न यस आर्थिक बर्षको बजेटका उद्देश्यहरु निम्न रहेका छन ।

(क) नेपालको संविधान वमोजिम संघियताको कार्यान्वयनमा सहयोग गरी जनतालाई अधिकार सम्पन्न भएको आभास दिलाउनु ।
(ख) गाउपालिकाको बिकासमा जनताको सहभागिता र अपनत्व महसुस गराउनु ।
(ग) जनताको माग र गाउपालिकाको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्नु ।
(घ) सुशासन र सुरक्षाको प्रत्याभुती दिलाउनु ।
(ङ) स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्नु ।
(च) सेवा प्रवाहालाई सरलीकृत र छिटो छरितो बनाउनु ।

(छ) निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालिको रुपमा बिकास गर्न एकीकृत कृषि प्रणालीमा आकर्षित गर्न कृषकलाई उत्प्रेरित गर्नु ।

(ज) उद्यमशिल कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भर वनाउन सहयोग गर्नु ।

(झ) व्यवस्थित शहरीकरणको लागि दीर्घकालीन रणनीति बनाई "**सुखी सुस्ताबासी र समृद्ध सुस्ता"** भन्ने अभियानलाई पुर्णता प्रदान गर्नु ।

(ञ) प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट रोजगारी र स्वरोजगारी सृजना गरि जनताको जिवनस्तर सुधार गर्नु ।

योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता, अपेक्षा र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकीकरण गरी निर्धारण गरिएको छ ।

(क) पुर्वाधार विकास र स्वरोजगारीको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुर्याउने,

(ख) उत्पादनमूलक कार्यक्रम र छिटो प्रतिफल दिने,

(ग) राजस्व परिचालनमा योगदान पुऱ्याउने,

(घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

(ङ.) स्थानीय श्रोत साधानमा आधारित भई जनसहगिता अभिवृद्धि गर्ने,

(च) लैगिंक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

(छ) दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने,

(ज) स्वस्थ, शिक्षित र अनुसाशित सामाजको विकासमा जोड दिने,

(झ) विशेष संस्कृति र जातीय पहिचान संरक्षण र प्रवर्द्धन गर्ने,

(ञ) गाउ स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन गर्ने,

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीतिगत विषयवस्तुहरुलाई आधार लिईएको छ ।

(क) संवत २०७५ साल आषाढ १० गतेका दिन गाउसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम,

(ख) नेपालको संविधान को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

(ग) नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,

(घ) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,

(ङ) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,

(च) संघीय सरकार र प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

(छ) संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

(ज) स्थानीय तह शासन सञ्चालन सम्बन्धी कानूनी आदेश, नियमावली, प्रावधानहरु

(झ) विकासका समसामयिक मामिलाहरु जस्तैः दिगो विकास, जलवायु परिवर्तन, बालमैत्री स्थानीय शासन आदि ।

**सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**कृषि तथा पशुपालन**

(क) कृषियोग्य जमिनको अव्यवस्थित तथा गैरकानूनी खण्डिकरणलाई निरुत्साहित गरि कृषियोग्य जमिनलाई बाँझो राख्न नपाइने गरी बैज्ञानीक कृषि प्रणालीको कार्यक्रम अघि बढाएको छु ।

(ख) कृषि तथा पशु बिमालाई प्रोत्साहित गरिनेछ । एकीकृत सहकारितालाई प्रोत्साहन गरिनेछ । सामुहिक, कम्पनी तथा सहकारीबाट व्यवसायिक कृषि उत्पादन गर्ने समूहहरुलाई अनुदानको व्यवस्था गरेको छु । कृषियोग्य जमिन भाडामा लिने दिने कार्यलाई सहज बनाउन यथासक्य छिटो करार कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

भू-उपयोग नीतिले पहिचान गरेको कृषि उत्पादन क्षेत्रमा उच्च प्रथामिकताका साथ विषेश कार्यक्रम संचालन गर्न निर्वाहमुखि कृषि प्रणालीलाई क्रमशः विस्थापन गरेर वैज्ञानिक, व्यवसायिक कृषि प्रणालीको विकास गरि करार, सहकारी, कम्पनी तथा सामुहिक कृषि एवं पशुपालनलाई प्रोत्साहन गर्न **रु. ८४ लाख ९८ हजार** विनियोजन गरेको छ ।

**सहकारी**

सहकारी मार्फत कृषि तथा साना उद्योगमा लगानी गर्न गाउपालिका भित्र सञ्चालित सहकारीहरुको सेवा क्षेत्रलाई आधार मानी एकीकृत गरिनेछ ।

। यस्तै समान प्रकृति र उद्देश्यका सहकारीहरु एकीकृत गर्ने निती लिईएको छ । जसबाट सहकारीहरुको आर्थिक सुदृढिकरण भई कृषि र साना उद्योगमा पुजीँ परिचालनको लागि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु । **सहकारी क्षेत्रको विकास र प्रर्बद्धन गर्ने कार्यको लार्गि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।**

**उद्योग तथा वाणिज**

(क) उत्पादनमूलक घरेलु तथा साना उद्योग स्थापना एवम् सञ्चालनमा जोड दिदै जिल्लाबाट हुदै आएका उद्योग दर्ता तथा नविकरण गाउपालिकाबाटै हुने गरि आवश्यक व्यवस्था मिलाएको छु ।

(ख) गाउपालिका क्षेत्र भित्र उद्योग र व्यापार क्षेत्रमा उल्लेखनिय योगदान गरि सबैभन्दा बढि कर तिर्ने करदातालाई राष्ट्रिय कर दिवसका दिन सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

**उद्योग तथा वाणिज्यलाई प्रोत्साहन गर्न तथा लघुउद्यम विकास सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्न उद्योग तथा वाणिज्य तर्फ रु. ५ लाख रकम विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

**योजना तथा पूर्वाधार विकास**

(क) भुमिको व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्ने वातावरण निर्माण गर्न राष्ट्रिय भुउपयोग नीति अर्न्तगत गाउपालिकाको भुउपयोग योजना निर्माण गर्नेकार्य तत्काल अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(ख) गाउपालिकाको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार भएकाले सडक निर्माण कार्यलाई प्राथमिकता दिई बजेट तर्जुमा गरेको छु ।

(ग) महलबारी,कुडिया,नर्सही,पकलिहवाको नथइनगर हुदै बोर्डर सम्म को सडक निर्माणको लागि प्रादेशिक तथा संघिय योजनामा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

(घ) गाउपालिकाका मुख्य मुख्य कालोपत्रे सडकहरुमा नेपाल सरकार, प्रदेश सरकार, वैकल्पिक उर्जा प्रवर्द्धनकेन्द्र, गाउपालिका र स्थानीय समुदायको लागत सहभागितामा सौर्य सडकवत्ती जडान कार्यको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**गाउपालिका भित्रका अधुरा योजनाहरु, सडक मर्मत, वडास्तरीय योजनाहरु, गाउपालिकाको दीर्घकालिन महत्व बोकेका योजना तथा पूर्वाधार निर्माण गर्न योजना तथा पूर्वाधार विकास तर्फ रु. ९ करोड २५ लाख रकम विनियोजन गरेको छु ।**

**संस्कृति तथा पर्यटन**

(क) ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

(ख) इतिहासविद, संस्कृतिविद तथा पर्यटनविद सहितको गठित कार्यदलको समन्वयमा सुस्ता क्षेत्र र सो सँग सम्बन्धित सर्किटहरुको अध्ययन र अनुसन्धान गरी ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक मूल्यहरुको पहिचान संरक्षण र विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

(ग) धार्मिक तथा पर्यटकिय हिसावले महत्वपूर्ण सुस्ता, चुहाडी, मदारबाबा, ठाडीघाट, बालपुरी जस्ता क्षेत्रहरुको संरक्षण र पर्वद्धनलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

(घ) यस गाउपालिका क्षेत्रभित्र रमणीय चुरेक्षेत्र तथा नारायणी नदीको काख उच्च गुणस्तरीय होटल तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गर्ने नीति लिएको छु ।

(ङ) गाउपालिकामा आदिवासीको रुपमा बसोबास गर्दै आएका थारु समुदायको संस्कृतिको संरक्षण र संम्बर्द्धन गर्न थारु कल्चरल होमस्टे संचालनको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

अन्य समूदायका जाती, भाषा, भेषभुषा, संस्कृति झल्किने गरी थप होम स्टे संचालन गर्न सम्भाव्यता अध्ययनको व्यवस्था मिलाएको छु ।

(च) सुस्ताको गहनाका रुपमा रहेका चुहाडी मन्दिर, मदार बाबा र सुस्ता क्षेत्रको विकास एवम् प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(छ) ऐतिहासिक मदारबाबा मेलाको आयोजना, संचालन र प्रर्वद्धन, आदिवासी जनजाती महोत्सव, माघी मेला, अन्तराष्ट्रिय महिला दिवस, जातिय विभेद उन्मुलन दिवस, बाल दिवस जस्ता विशेष महत्वका कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।

**सँस्कृति तथा पर्यटन क्षेत्रका उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न रु. २२ लाख विनियोजन गरेको छु ।**

**खानेपानी तथा सरसफाई**

(क) गाउपालिकाका सम्पूर्ण गाउबासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **"एक घर एक धारा"** कार्यक्रम सहित ३ वर्ष भित्र सबै नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी प्राथमिकताका साथ कार्य अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

(ख) **"सफा घर, टोल र शहर सुस्तावासीको एउटै रहर"** अभियानलाई सार्थक बनाउन फोहरमैलाको अल्पकालिन व्यवस्थापनको शुरुवात गर्दै लैजाने नीति लिइएको छ ।

आर्थिक वर्ष २०७५/७६ भित्र आवश्यक जग्गाको व्यवस्था गरी फोहरको दीर्घकालिन व्यवस्थापनका लागि रिसाइक्लिङ र कम्पोष्टिङ सहितको ल्याण्डफिल साइटको अध्ययन र तयारीको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु । दिर्घकालिन व्यवस्थापन नहुँदासम्म गाउपालिका क्षेत्रभित्र निजीक्षेत्रसँगको सहकार्यमा फोहर उठाउने व्यवस्था गर्न सवारी साधन खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु । फोहरलाई कम्पोष्ट मलमा रुपान्तरण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

(ग) गाउपालिका क्षेत्रभित्र का सडकको साना तिना खाल्टा खुल्टी सम्बन्धित समुदाय तथा जग्गा धनिले पुर्ने तथा गाउटोलको सरसफाई टोल विकास संस्था, शैक्षिक संस्थाहरु, सामाजिक संघ-संस्था, क्लब आदि को सहकार्यमा अभियानको रुपमा संचालन गर्न को लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**खानेपानी तथा सरसफाई क्षेत्रको सवै कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

**शिक्षा**

(क) कक्षा ५, ८, १० र १२ को वोर्ड परिक्षाहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयहरुलाई उपलब्धीको अधारमा विशेष अनुदानको व्यवस्था गरेको छु । आफूले अध्यापन गर्ने विषयमा गाउपालिकास्तरमा उत्कृष्ट नतिजा हासिल गराउने विषय शिक्षकहरु मध्ये तहगत रुपमा उत्कृष्ट शिक्षक छनोट गरी **"वर्ष शिक्षक"** घोषणा गरी पुरस्कृत गरिनेछ ।

(ख) सुस्ता गाउपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको बीचमा स्वस्थ प्रतिस्पर्धाको बातावरणको सिर्जना गर्ने नीति लिइएको छ । विद्यालय भर्नादर बढाउन तथा विद्यालय छाडने दर घटाउनका लागि अति विपन्न वर्गका बाल-वालिकालाई प्रोत्साहन गरिनेछ । बालमैत्री स्थानीय शासन कार्यक्रम लगायत **"बालमैत्री विद्यालय, खैल्दै**

**सिक्दै"** कार्यक्रमहरुलाई प्राथमिकता साथ लागु गर्न विद्यालयलाई प्रविधिमैत्री बनाउने कार्यलाई निरन्तरता दिन थप बजेटको व्यवस्था गरेको छु।

(ग) यस आर्थिक वर्षमा माध्यमिक तहमा प्राविधिक शिक्षा सञ्चालन गर्ने नयाँ विद्यालयलाई अनुदानको व्यवस्था मिलाएको छु।

**समग्र सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्न रु. ८ करोड ३१ लाख १५ हजार विनियोजन गरेको छु।**

**स्वास्थ्य**

(क) "**शारीरिक, मानसिक, सामाजिक रुपमा स्वस्थ जन सुस्ताको धन"** भन्ने नारालाई साकार पार्न स्थानीय तहमा एक अस्पताल बनाउने कार्यक्रम अनुरुप यस गाउपालिकामा सुविधा सम्पन्न अस्पताल निर्माणको सम्भाव्यता अध्ययन गर्न बजेट विनियोजन गरेको छु (क) नर्सही बर्थिङ्ग सेन्टरमा सञ्चालित २४ घण्टे प्रसुति सेवालाई सुदृढिकरण गर्न, महिला स्वास्थ्य स्वयंसेविकाको कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

(ग) स्वास्थ्य विमा, सुरक्षित गर्भपतन, मुटुरोग, क्यान्सर, मधुमेह, रक्तचाप र क्षयरोग जस्ता रोगहरुको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ। जसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु

**स्वास्थ्य क्षेत्रका सम्पुर्ण कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ करोड ६४ लाख ९८ हजार विनियोजन गरेको छु।**

**सिंचाई तथा नदी नियन्त्रण**

(क) गाउपालिका क्षेत्रभित्र सतह सिंचाइको लागि निर्मित कच्ची कुलाहरु पक्की निर्माण गर्न बजेटको व्यवस्था गरेको छु।

(ख) सिंगाहा, पोटाहा, रायपुरा, शिरखोला लगायतका खोलाहरुमा गण्डक सिचाई डिभिजन कार्यालय र गाउपालिकाको साझेदारीमा दोहोरो तटबन्धनको गुरु योजना निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजन गरेको छु।

(ग) नारायणी नदी नियन्त्रणको लागि संघिय सरकार,प्रदेश सरकार तथा भारत सरकारको सहयोग र समन्वयमा आवश्यक कार्य गर्ने व्यवस्था मिलाएको छु।

**भुमिगत सिचाई , सतहगत सिचाई र नदी नियन्त्रणको लागि रु ७९ लाख ५० हजार को बजेट विनियोजन गरेको छु।**
**सभाध्यक्ष महोदय,**

**युवा तथा खेलकूद**

(क) **"स्वास्थ्यका लागि खेलकुद, समृद्धि, राष्ट्रियता र एकताका लागि खेलकुद"** अभियानलाई मुर्तता प्रदान गर्न आ.व. २०७५/०७६ भित्र सुस्ता गाउपालिका वडा नं. ३ मा रंगशाला निर्माण कार्य प्रारम्भ गर्न नेपाल सरकारको केन्द्रीय र प्रादेशिक योजनामा समावेश गर्ने व्यवस्था मिलाएको छु।

(ख) युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहन गर्न आ.ब.०७५।०७६ देखि सुस्ता कप को सुरुवात गरिनेछ तथा गाउपालिका भित्र युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी खेल सप्ताह सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**युवा तथा खेलकूदका सम्पूर्ण कार्यक्रमका लागि रु. १ करोड १ लाख विनियोजन गरेको छु।**

**वन तथा वातावरण**

(क) **"सुस्ता बासीको चाहना, स्वच्छ, सफा र हराभरा गाउ हाम्रो कामना"** अभियानलाई पूर्णता दिन यस क्षेत्रमा रहेका सार्वजनिक स्थल, नदि किनारहरु, स्थान अनुकूलका वृक्षारोपण गरिनेछ। टोल विकास संस्था, स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न र वृक्षारोपण गरिएका बोट विरुवाहरु कटान हुन नदिन, जगंली जीव जन्तुको अवैध चोरी शिकारी, निकासी तथा ओसारपसार रोक्न प्रभावकारी अनुगमन प्रणालीको विकास गरिनेछ।

(ख) एकघर २ फलफुल विरुवा रोपण कार्यलाई अभियानको रुपमा संचालन गरिने छ।

(ङ) गाउपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइनेछ । सबै पार्कहरुको गुरुयोजना तयार गरी पार्क निर्माण कार्य अगाडि बढाइनेछ । जसको लागि बजेटको व्यवस्था गरेको छु ।

**वन तथा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र सार्वजनिक महत्वका क्षेत्रहरुको संरक्षण तथा संबर्द्धन गर्न रु. २५ लाख विनियोजन गरेको छु ।**

**विपद् व्यवस्थापन**

(क) **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"** अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ । गाउ विपद् प्रतिकार्ययोजना बनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था स्थानीय क्लब र रेडक्रससँग सहकार्य गरी विपद् न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउ विपद् व्यवस्थापन कोषमा आवश्यक रकम जम्मा गर्ने व्यवस्था मिलाएको छु ।

(ख) अन्तर स्थानीय तहको समन्वय र सहकार्यमा वारुणयन्त्र र विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको **अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्र** स्थापना गरिनेछ ।

**विपद् व्यवस्थापनको लागि एकमुष्ठ रकम रु. १९ लाख ७८ हजार विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**
**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

(क) **"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद"** को नीति अनुरुप पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न हाल सञ्चालन हुदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपांग, एकल महिला, द्वन्द्वपीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्था मिलाएको छु । जसको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

(ख) बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्रको आधारमा थप सुविधा उपलब्ध गराउन बजेट विनियोजन गरेको छु ।

(ग) समाजमा सकारात्मक सोंचको विकास गरी शान्ति र अमनचयन कायम गर्न, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरु संचालन गर्न समुदायलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

(घ) सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई अझ सरलीकृत र प्रभावकारी बनाउन जेष्ठ नागरिकहरुलाई घरमै गई जेष्ठ नागरिक परिचयपत्र नविकरण गर्ने र भत्ता वितरण गर्ने व्यवस्था मिलाएको छु । हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान र स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**उपर्युक्त लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका कार्यक्रम सञ्चालन गर्न रु. ५९ लाख ७२ हजार विनियोजन गरेको छु ।**

**सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

(क) गाउवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने व्यवस्था गरिएको छ ।

(ख) यसै आ.व. भित्र गाउपालिका केन्द्रमा डिजिटल नागरिक वडापत्र तथा नागरिकलाई सुचना दिन मोवाइल एप्लिकेसनको प्रयोग गरिनेछ। साथै गाउपालिकाका सवै वडा कार्यालयहरुमा उच्च क्षमताको इन्टरनेट जडान गरी केन्द्रसँग नेटवर्किङ गरिनेछ। उक्त कार्यहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

(ग) पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गर्न कार्यालयमा सि.सि. क्यामेरा जडान भईसकेको छ। जसले गर्दा कार्यालयको सेवामा पारदर्शिता, नियमितता र जवाफदेहितामा टेवा पुग्ने अपेक्षा लिएको छु।

(घ) जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन भन्ने अवधारणालाई आत्मसात गर्दै गाउक्षेत्रभित्र टोल विकास संस्था गठन गरी टोल विकास संस्थालाई कृयासिल बनाईने छ।

**सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासको लागि रु ३३ लाख विनियोजन गरेको छु।**

**विविध**

(क) गाउ पार्श्वचित्र तयारीको चरण रहेको छ सो को आधारमा घर नम्वरिङ (Metric System) गर्ने तथा घरधुरी सम्बन्धी सम्पुर्ण तथ्याङ्कहरु एकीकृतरुपमा संकलन गरी सफ्टवेयर प्रणालीमा राख्ने कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

(ख) गाउपालिकाको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमो तालिम दिइनेछ। जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

(ग) न्याय सम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

**(घ) गाउपालिका क्षेत्र भित्र गरिने सबै प्रकारका सम्भाव्यता अध्ययनको लागि एकमुष्ट रु. ५ लाख विनियोजन गरेको छु**

**सभाध्यक्ष महोदय,**

अब म **आर्थिक वर्ष २०७५/०७६** को बजेट विनियोजन, अनुमानित आय र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

आगामि आर्थिक वर्षका लागि **कुल बजेट रु. ३९ करोड ९१ लाख ७२ हजार** विनियोजन गरेको छु। कुल विनियोजित बजेट मध्ये चालु खर्चमा तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायत प्रशासनिक खर्च, सामाजिक सुरक्षा भत्ता, अन्य व्यवस्थापन समेतको लागि **रु. १८ करोड ४१ लाख** विनियोजन गरेको छु। जसमा शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास लगायत विषयगत कार्यालयहरुका लागि शसर्त अनुदान मार्फत **रु. ९ करोड ६६ लाख,** सामाजिक सुरक्षा भत्ता तर्फ नेपाल सरकारबाट प्राप्त हुने रकम रु. **४ करोड ७५ लाख** अनुमान गरी खर्च छुट्याएको छु। त्यस्तै आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, विपद व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन लगायतको काम समेटिएको पुँजीगत खर्चका निमित्ति **रु. २१ करोड ५० लाख ७२ हजार** विनियोजन गरेको छु।

पुँजीगत खर्चतर्फ वडाहरुको लागि जम्मा **रु. ५ करोड २२ लाख ९९ हजार ६ सय** विनियोजन गरेको छु। जस मध्ये १ नं. वडाको लागि **रु. १ करोड** २ नं. वडाको लागि **रु. १ करोड,** ३ नं. वडाको लागि **रु. ९० लाख,** ४ नं. वडाको लागि रु. **९० लाख,** ५ नं. वडाको लागि **रु. १ करोड ४२ लाख ९९ हजार ६ सय** विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये ठुलो हिस्सा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान तर्फ **रु.८ करोड ७० लाख** र निशर्त अनुदान तर्फ **रु. ११ करोड १९ लाख** गरी जम्मा **३५ करोड ८० लाख ८ हजार** रहेको छ भने राजश्व बाडफाड बाट **रु. ७ करोड ६८ लाख २४ हजार** प्राप्त हुने अनुमान गरेको छु। त्यसैगरी प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ **रु. ४५ लाख ३६ हजार,** सशर्त अनुदान तर्फ **रु.९६ लाख** र राजस्व बाँडफाँड बाट **रु. ४० लाख २ हजार** गरी जम्मा **रु. १ करोड ३६ लाख २ हजार**

प्राप्त हुने अनुमान गरेको छु । तराई मधेश सबृद्धि कार्यक्रम अन्तर्गत **रु. ४८ लाख** प्राप्त हुने अनुमान छ । त्यस्तै आन्तरिक राजश्वबाट **रु. १ करोड ५३ लाख १० हजार** अनुमान गरेको छु। साथै यस आ.व.मा **रु. १ करोड** वचत हुने समेत अनुमान गरी २०७५/७६ को कुल आय **रु. ३९ करोड ९१ लाख ७२ हजार बजेट** अनुमान गरेको छु।

राजस्वको शिर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुने गरी विभिन्न स्रोतवाट प्राप्त हुने आय र व्ययको शिर्षकगत विवरणहरु अनुसुचिमा उल्लेख गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

मुलुकमा संघीयता लागु भई स्थानीय तहबाटै आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नु पर्ने वर्तमान परिप्रेक्ष्यमा बजेटलाई यथार्थपरक, तथ्यपरक तथा वस्तुपरक बानाउने कोशिस गरेको छु । आ.व. २०७४/७५ को सिकाई तथा अनुभव, जनप्रतिनिधिहरु, क्रियाशिल राजनीतिक दलहरु तथा कर्मचारीहरुको सल्लाह सुझावलाई आत्मसात गरी बजेट विनियोजन गरेको छु । सामाजिक क्षेत्र तथा भौतिक पुर्वाधार मा उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध सुस्ता गाउँपालिकाको शुरुवात हुनेमा मैले विश्वास लिएको छु । बजेटको पुर्ण कार्यान्वयनले जनताले स्थानीय तहमा सरकारको उपस्थितिको अनुभुति हुनेछ भन्ने विश्वास लिएको छु । यो बजेटको सिद्धान्त र प्राथमिकतामा प्राप्त विभिन्न सुझावका लागि गाउपालिकावासीहरु प्रति म आभारी छु । बजेट निर्माणका क्रममा अहोरात्र खटिने गाउपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, गाउँ पालिकाको विकासमा सहयोग पुऱ्याउने सबै करदाताहरु, क्रियाशिल राजनितीक दलहरु, विभिन्न संघ संस्थाहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, पत्रकार जगत, सुरक्षा निकाय, कार्यालय प्रमुखहरु, वित्तिय संघ संस्था, प्रकाशन र प्रशारण गरि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मिडिया तथा मिडियाकर्मीहरु लगायत आम सुस्ता गाउँपालिका वासी बुवा आमा, दिदी बहिनी, दाजुभाईलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पुर्ण सहयोग पाउने विश्वास लिएको छु ।

धन्यवाद..
नमस्कार..
जय सुस्ता